नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ४१ २०८२ साल भदौ १९ गते बिहीबार (4 Sep 2025 Thursday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : संकटमा राष्ट्रसेवा... ३ पृष्ठमा : 'सङ्घ संस्था ऐन, २०८२' मस्यौदा ... ३ पृष्ठमा :प्रधानमन्त्री मोदीद्वारा ...

# एक दशकपछी मधेशवादी दलका शिर्ष नेताहरु एउटै मञ्चबाट अधिकारका लागि गुन्जिए

## "मधेशीसँग कि त लडेर अधिकार लिने कि सकिने दुईवटा विकल्प मात्र छ।"



**दैनिक समाचारदाता राजविराज, १८ भदौ ।**

मधेशवादी दलका शिर्ष नेताहरु एक दशकपछी दोश्रो पटक सप्तरीमा एउटै मञ्चमा देखिएका छन । २०७३ सालमा भएको मलेठ घटनापश्चात् त्यस बखत छरिएर रहेका ८ दल मिलेर मधेशी मोर्चा गठन भएको थियो । तर अहिले पुनः ६ दल मिलेर बनेको संघिय लोकतान्त्रिक मोर्चाले बुधवार राजविराजमा आयोजना गरेको "वर्तमान राजनीतिक अवस्थाको सर्न्दभमा जनजागरण अभियान" कार्यक्रममा मधेशवादी दलका शिर्ष नेताहरु दोश्रो पटक एउटै मञ्चमा देखिएका हुन ।

यस अघि मधेश आन्दोलनका बेला २०७३ साल फागुन २३ गते सप्तरीको मलेठमा प्रहरीको गोली लागेर ५ जना प्रर्दशनकारीको ज्यान गएपछि दलका शिर्ष नेताहरु राजविराजमा एउटै मञ्चमा देखिएका थिए । महन्थ ठाकुर, उपेन्द्र यादव, राजेन्द्र महतो, हृदयेश त्रिपाठी, बृषेश चन्द्र लाल लगायतका नेताहरु लामो समय पछि एउटै मञ्चमा सहभागि भए ।

त्यति बेला मधेश र मधेशीको हक हधिकारका लागी पालैपालो नेतृत्व गर्ने गरी ८ दललाई समेटेर मोर्चा गठन गरिएको थियो । तर आपसी मतभेद र एक अर्काको अस्तित्व स्वीकार नगर्दा मोर्चा फुटेर पुनः सबै आ-आफ्नो दल तीर नै केन्द्रित भएका थिए ।

बुधार एउटै मञ्चमा सहभागी भएका मधेशवादी दलका शिर्ष नेताहरुले विगतको गल्ती सच्याउँदै अब उत्पीडितहरुको अधिकारका लागी मिलेर बढ्नुको विकल्प नरहेको भन्दै एकढिक्का भइ अघि बढने उदघोष समेत गरे ।

कार्यक्रममा बोल्दै मोर्चाका नेता तथा लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले अधिकार र पहिचानका लागी लडेका योद्धाहरुमाथी झुठा मुदा लगाई सरकारले जेलमा राख्ने, मधेशलाई बजेट उपलब्धतामा विभेद गर्ने तथा अधिकार दिने सवालमा सरकार उदासिन रहेको भन्दै अधिकार प्राप्ती र प्रांप्त उपलब्धीको रक्षा गर्न सबै मिलेर आवाज उठाउनु पर्नेमा जोड दिए ।

"मधेशीको जन्म नै संघर्ष गर्नलाई भएको छ, संघर्षबाट मधेशी पछि नहट्ने बताउँदै भुमि ऐनले एकजुट भएर लड्न बाध्य बनाएको छ ।" अध्यक्ष ठाकुरले भने, "भुमि ऐनमा मधेशीलाई मधेश मै अल्पसंख्यक बनाउने षड्यन्त्र हो, मधेशीसँग कि त लडेर अधिकार लिने कि सकिने दुईवटा विकल्प मात्र छ ।"

त्यस्तै जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशलाई आन्तरिक उपनिवेश बनाई अझै शासन गर्ने सोचमा रहेका शासक वर्गलाई भुमि ऐन ल्याएर मधेशलाई मरुभूमि बनाउन खोजिएको आरोप लगाए । उनले समान जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको निर्धारण गरिनुपर्ने माग गर्दै तराई मधेशको उब्जाउ भुमिलाई शासक वर्गले पहिलो चरणमा वक्सिस, विर्ता, जागिरको रुपमा वितरण गरे भने दोश्रो चरणमा हदबन्दीको नाममा खोसे, तेस्रो चरणमा पुनर्वास कम्पनीको नाममा विदेशीहरुलाई वन विनाश गरेर जमिन बाँडे, चौथो चरणमा कानुन बनाएर सुकुम्बासीको नाममा कार्यकर्तालाई जग्गा वितरण गरे र अहिले आएर पाँचौ चरणमा भुमि ऐन ल्याएर मधेशलाई मरुभूमि बनाउन खोजिएको आरोप लगाए ।

सोही कार्यक्रममा राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले अहिलेको सत्ता गठबन्धन लोकतन्त्र र संसदीय व्यवस्थाको उपहास भएको बताए । उनले भुमि ऐन पास हुँदा मोर्चाका घटक दलको हाउसमा पोजिसन के रह्यो प्रस्ट्याउनु पर्ने औल्याए । यसका लागि सारा मधेशी पार्टी एक भएर मात्रै नपुग्ने अवस्था रहेकोले आदिवासी जनजाती

*बाँकी तीन पृष्ठमा*

**चराचुरुङ्गीको संरक्षण गरौं**

चराचुरुङ्गीले:

- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरुले किरा–फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पुऱ्याउँछ,
- खेतीपातीमा विषादीको प्रयोग घट्छ,
- फलफूल खाएर बीउहरु विभिन्न स्थानमा फाली नयाँ बोटबिरुवा उम्रनमा सहयोग पुऱ्याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुऱ्याउँछ,
- चिरविर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पुऱ्याउँछ,
- जैविक विविधता बुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन,
- प्राकृतिक सौन्दर्यतामा वृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पुऱ्याउँछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### विदेशिने संख्या बढ्दै, रोक्ने उपाय सोचौं

पछिल्लो समय नेपालमा विदेशिने युवाको संख्या लगातार बढ्दै गएको छ । रोजगारी, शिक्षा र सुरक्षित भविष्यको खोजीमा विदेशीने क्रम दिनानुदिन बढ्दै गएको हो । यो देशकै लागि चिन्ताजनक विषय हो । युवाहरू वैदेशिक रोजगारतर्फ आकर्षित हुनुले देशभित्र श्रम शक्ति अभाव, कृषि र उद्योगजस्ता क्षेत्र कमजोर हुने अवस्था देखिएको छ । रोजगारी नपाउने अवस्था, राम्रो आम्दानीको अभाव, राजनीतिक अस्थिरता, गुणस्तरीय शिक्षा र स्वास्थ्यको कमीले युवाहरूलाई विदेशिन बाध्य बनाएको हो ।

सरकारी स्तरबाट वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउन प्रयास भए पनि देशभित्र अवसर सिर्जना गर्ने काममा भने गम्भीर कमजोरी छ । युवाशक्ति विदेश पलायन हुँदा परिवार विखण्डन, सामाजिक समस्या र आर्थिक निर्भरता जस्ता असरहरू बढिरहेका छन् । युवाहरूले पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्रलाई धानेको यथार्थ भए पनि त्यसमा अत्यधिक निर्भर हुनु दिगो समाधान होइन । वैदेशिक रोजगारीमा मात्र भर पर्नु देशका लागि राम्रो होइन् ।

देश विकासको मेरुदण्ड भने कै युवा हो । तर यी युवाहरु निरन्तर विदेश पलायन भइरहेमा राष्ट्रिय प्रगति सम्भव हुँदैन । तसर्थ सरकार र नीति निर्माताले देशमै रोजगारीका अवसर सिर्जना गर्ने, सीप विकास गर्ने, उत्पादन र उद्योग प्रवर्द्धन गर्ने दिशामा ठोस कदम चाल्न आवश्यक छ । यसका लागि स्थानीय सरकारले समेत पहलदायी कदम उठानु पनि उत्तिकै आवश्यक छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# संकटमा राष्ट्रसेवा

**अमल किरण ढकाल**

काठमाडौँ, १८ भदौ (रासस) ।

'म प्रचलित संविधान/कानुनप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि मुलुक र जनताको सोझो चिताइ पक्षपात, पूर्वाग्रह नगरी इमान्दारीका साथ आफ्नो कर्तव्य पालन गर्नेछु र पदीय गोपनीयता अन्यत्र कतै प्रकट गर्ने छैन ।'

नेपालका सबै संवैधानिक पदाधिकारीहरूले राष्ट्रसामु गर्ने प्रतिज्ञा एवं शपथको मूलभूत सार यही हो । यसैगरी नेपालको विभिन्न सार्वजनिक सेवाका राष्ट्रसेवकहरूले आफूलाई तोकिएको काम ज्ञान विवेकले जानेबुझेसम्म इमान, धर्म तथा कर्तव्य सम्झी देश, जनता र सरकार प्रति वफादार रही कर्तव्यपालन गर्नेछु, गोप्य कुरा अन्यत्र कतै प्रकट गर्ने छैन भनी सेवा प्रवेश हुँदा प्रतिज्ञा गरेका हुन्छन् ।

राष्ट्र र जनतासामु यस्तो प्रतिज्ञा गरी राज्यको सार्वजनिक जिम्मेवारीमा रहने 'राष्ट्रसेवकहरू' को परिभाषा व्यापक छ । भ्रष्टाचार निवारण ऐन, २०८१ मा गरिएको राष्ट्रसेवकको परिभाषामा राज्यको अख्तियार पाएको, सरकारी कोषबाट पारिश्रमिक वा अन्य सुविधा लिने, सार्वजनिक संस्थाको हैसियत वा अन्य कुनै लाभ पाउने, सार्वजनिक काममा सम्बद्ध सबैलाई समावेश गरिएको छ । यसरी राष्ट्रको कार्यकारी, न्यायिक र विधायिकामा रहेका सबै पदाधिकारी, निजामती, जङ्गी, प्रहरी, जनप्रतिनिधि र सार्वजनिक सेवासकसँग सम्बद्ध सबै प्रतिष्ठित जनशक्ति राष्ट्रसेवामा रहेको देखिन्छ ।

सार्वजनिक प्रतिस्पर्धामा आफ्नो योग्यता वा क्षमताको आधारमा छनोट भई आउने राष्ट्रसेवकहरू आफैँमा अब्बल रहने अपेक्षा हुनु स्वभाविकै हो । सोहीअनुरूप राष्ट्रसेवकको लागि राज्यकोषबाट पारिश्रमिक, विशेष सेवा सुविधा, सम्मानित दर्जा, हैसियत र अख्तियारी प्रयोग गर्ने अवसर पनि कानुनद्वारा नै प्रदान गरिएको हुन्छ । राष्ट्रसेवकहरूलाई राज्यका काम कारबाहीहरू स्वच्छ, निष्पक्ष, पारदर्शी र जिम्मेवारीपूर्वक निर्वाह गर्न सहज हुने गरी संविधानको अधिनमा रही विभिन्न ऐन, नियम, नीति, निर्देशन, मापदण्ड र आचारसंहिता समेत निर्धारण गरिएको हुन्छ ।

यसैगरी संस्थागत संरचना, आवश्यक स्रोत साधन र जनशक्ति परिचालन गर्ने व्यवस्था समेत भएको हुँदा इच्छाशक्ति भएमा राष्ट्रको सेवा गर्न कुनै कुराको कमी रहेको देखिन्न ।

स्वयम् राष्ट्रसेवकहरूमा समेत उत्कृष्ट र मर्यादित भइरहने चाहना हुन्छ । इमान्दारीपूर्वक काम गर्नेहरूको लागि मान, सम्मान र पुरस्कारको समेत व्यवस्था र अर्कोतर्फ बदनियत र भ्रष्टाचारजन्य कार्यतर्फ उन्मुख भएको खण्डमा दण्ड, सजाय, घृणा, तिरस्कारको सामना गर्नुपर्ने कुरा पनि ज्ञात भएकै हुन्छ । यस्तो स्थितिमा सकारात्मक मर्यादित दिशातर्फ जानेहरूको तुलनामा नकारात्मक दण्डित दिशातर्फ लाग्नेहरूको सङ्ख्या सामाजिक सञ्जाल एवं नियमन निकायको प्रतिवेदनमा अत्यधिक बढेको देखिनु सोचनीय विषय हो । यसबाहेक राज्यले नियालेर खोज्ने हो भने भ्रष्टाचार गरेर लुकाइएका, दबाइएका, नभनिएका र नसमातिएका कारवाही गर्नुपर्नेहरूको सूची लामो बन्न सक्ने देखिन्छ ।

राष्ट्रले उत्कृष्ट मानेका र प्रतिज्ञाबद्ध राष्ट्रसेवकहरू विचलित भई सजायको भागीदार बन्नुपर्ने, हत्कडी लाग्ने र जेलनेल जानुपर्नेसम्मको परिस्थिति किन बन्छ ? राष्ट्रसेवामा प्रवेश गर्दा लिएको शपथ किन व्यवहारमा लागू हुन सक्दैन ? राष्ट्रसेवाका पदमा निष्ठापूर्वक काम गर्दा समेत फसिने पो हो कि भन्ने त्रासमा रहनुपर्ने परिस्थिति आखिर हुन्छ किन ? के यो समाज विकासको स्वभाविक नियति हो वा मानवमा अन्तर्निहित गुणदोषको अनिवार्य परिणति हो वा राज्यको नीतिगत पद्धतिको कमजोरी पनि हो ? जनसेवाका पदहरूमा निस्कलङ्क कार्यसम्पादन गरी निवृत्त हुने सुनिश्चित परिस्थिति किन बन्न सक्दैन ? प्रतिज्ञाबद्ध राष्ट्रसेवक माथि यति साह्रे अविश्वास हुन्छ किन ? हामी सबैका सामु गम्भीर मननको विषय खडा भएको छ ।

नेपालको राज्य व्यवस्थाको संरचना जटिल र विस्तारित हुँदै गएको छ । निर्णय प्रक्रियामा धेरैको संलग्नता हुँदा त्यसभित्रका केहीको बदमासीको शिकार सबै हुनुपर्ने र दण्ड सजायको अन्तिम परिणति आउन वर्षौं लाग्ने परिस्थिति बन्दा न्यायिक निरूपण उत्प्रेरित गर्ने किसिमको देखिन्न । नेपालको सार्वजनिक सेवामा आएका समाचारहरू हेर्दा बद्नियत गर्ने खास व्यक्ति तत्काल र सोझै दण्डित हुने भन्दा शङ्काको घेरामा रहेका सबैको अनुसन्धान हुनुपर्दा इमान्दारीपूर्वक काम गर्नेहरू पनि राष्ट्रसेवाको एम्बुसमा पर्ने त्रासको वातावरण बन्न गएको छ । यसबाट सरल र सहज रूपमा हुनसक्ने काम भरसक पन्छाउने र अनावश्यक लम्ब्याउने प्रवृत्ति बढ्दा मुलुकको कार्यसम्पादनमा प्रतिकूल असर पर्न गएको देखिन्छ । समाजका उत्कृष्ट योग्य प्रतिभावान व्यक्तिहरूको लागि राष्ट्रसेवामा जान उत्साहित हुनुभन्दा अन्यत्र लाग्न प्रेरित गर्ने परिस्थिति बन्दै गएको छ ।

नेपालको राष्ट्रसेवामा क्रमिक रूपले संस्थागत हुँदै गएको भ्रष्टाचारको परिणाम हो यो । भ्रष्टाचार नयाँ घटना होइन, यसको ऐतिहासिक जरा देशको राजनीतिक, प्रशासनिक, आर्थिक र सामाजिक संरचनामा गहिरो रूपमा गाडिँदै गएको तथ्य सार्वजनिक भएका प्रतिवेदनहरूबाट देखिन्छ । सरकारी कार्यालयहरू, स्थानीय निकायहरू र जनसेवा संस्थाहरू जस्ता नागरिक केन्द्रहरू सेवा भन्दा भ्रष्टाचारको अड्डाको रूपमा परिणत हुनु गम्भीर चिन्ताको विषय हो । यस अतिरिक्त प्रहरी प्रशासन, स्थानीय सेवा, सिफारिस र न्याय सम्पादनका क्षेत्र समेत भ्रष्टाचारबाट अछुतो रहेको देखिन्न ।

यसैगरी राष्ट्रको विकास बजेट दुरूपयोग र दोहन भएको उजुरीहरू प्रशस्तै देखिन्छन् । सरकारको आर्थिक कार्यसम्पादन प्रभावकारी नभएको कारण २०८२ साल वैशाखमा प्रस्तुत प्रतिवेदनमा रु सात खर्ब ३३ अर्ब १९ करोड बेरूजु महालेखा परीक्षकको अभिलेखमा छ । नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्र बने पछि पनि सार्वजनिक पद नागरिकलाई सेवा दिने भन्दा व्यक्तिगत लाभको साधनको रूपमा लिने पुरानो मानसिकतामा खासै परिवर्तन नभएको उदाहरण हुन् यी ।

देशमा सुशासनयुक्त राष्ट्रसेवाको व्यवस्थापन गर्ने प्रमुख दायित्व सरकारको हो । संसदीय व्यवस्थामा सरकारका निर्णयहरू प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद्बाट हुने र मन्त्रिपरिषद्कै निर्देशनमा समग्र प्रशासनिक संयन्त्र सञ्चालन हुने व्यवस्था छ । अनि, मुलुकमा हुने भ्रष्टाचार रोक्ने सामर्थ्य पनि मुख्य रूपमा मन्त्रिपरिषदमा नै हुने देखिन्छ । यस सन्दर्भमा हेर्दा नेपालमा हुने गरेको भ्रष्टाचारमध्ये संस्थागत, प्रणालीगत र पटके भ्रष्टाचारभन्दा नीतिगत भ्रष्टाचारको आकार र प्रभाव दुवैमा अधिक छ । सरकारको ऐन, नियम, नीति र निर्णयमा समेत व्यापारिक, शैक्षिक वा औद्योगिक संस्था समूहको स्वार्थ गासिएको हुँदा स्वच्छ, निष्पक्ष हुन नसकेको बुझाइ छ ।

राज्य सञ्चालनको मूल आधार रहेको सार्वजनिक सेवाका नियुक्तिहरू खुला प्रतिस्पर्धा भन्दा राजनीतिक निष्ठाको आधारमा हुने गर्दा योग्य व्यक्तिहरू वञ्चित हुनुपर्ने स्थिति बन्नगएको छ । संरक्षणको आधारमा नियुक्त व्यक्तिहरूको कारण अयोग्यता र भ्रष्टाचारलाई प्रश्रय मिल्दै गएको देखिन्छ । स्वार्थ प्रेरित भावनाले धन, पद, प्रतिष्ठा, प्रचार र सुख सुविधाको लागि आफ्नो कर्तव्य बिर्सी जस्तोसुकै सौदाबाजी गर्न उद्दत हुने परिस्थिति बन्दै गएको छ । यसबाट समाजका सदस्यहरूबीच पारस्पारिक सन्देहका साथै राज्यका जिम्मेवार निकायहरूमा कार्यरतहरूप्रति आस्था र विश्वास घट्दै गएको छ । राज्यका प्रतिष्ठित व्यक्तिले नीति, सिद्धान्त र भाषणमा जस्तोसुकै राष्ट्रसेवाको अभिव्यक्ति दिए पनि आखिर सबै आफ्नो निहित 'स्वार्थ सेवा' का लागि गरिएको नाटक मात्र हो भन्ने दुःखलाग्दो भाष्य सार्वजनिक हुन पुगेको छ । यस्तो स्थितिले मुलुकमा कुशासन गहिरिँदै जाँदा समग्र राष्ट्रसेवा नै तनाव र वितृष्णाबाट प्रताडित हुनु सोचनीय विषय हो ।

यसरी राष्ट्रसेवा सङ्कटमा पर्दै गएको कारण आवश्यक सेवासुविधा पाउन कठिन बन्दा समाजका विपन्न र कमजोर वर्गहरूमा लोकतन्त्र र शासन प्रणालीप्रतिको विश्वास घटेको छ । शासन प्रणालीप्रति अविश्वास आउन नदिन सुशासनयुक्त समाज बनाउनु नै सर्वोपरि उपाय हो । सुशासन कायम भएको अवस्थामा नै राज्यका स्रोत साधनहरू विवेकपूर्वक परिचालन भई राष्ट्रका यावत् मामिलाहरूको न्यायिक निरूपण हुन सक्दछ । तसर्थ, सार्वजनिक सेवामा पारदर्शिता, जवाफदेहिता, जनसहभागिता, नियमबद्धता, कार्यशीघ्रता र न्यायिक निष्पक्षताजस्ता पक्षमा सुधार ल्याउन आवश्यक छ । सुशासन अभिवृद्धिको लागि सदाचार, सादा जीवनपद्धति, नैतिक शिक्षा, असल सिकाइको अनुकरण, राम्रा कर्मचारीको सम्मान र अनुचित दबाब नियन्त्रण गर्ने वातावरण बनाउनुपर्दछ । यसका साथै, सार्वजनिक सचेतना, सशक्त नागरिक निगरानीबाट सुशासन कायम गर्न सघाउ पुग्दछ । सेवाग्राहीमा राज्यका सेवा र सुविधाबारे आवश्यक जानकारीको कमीले सेवामा जटिलता आइरहेको हुँदा कार्यालयमा सहजीकरण कक्ष, सरोकार परामर्श, सहभागीमूलक व्यवहार, सिटिजन जुरीको गठनजस्ता कार्यमा जोड दिनुपर्ने देखिन्छ ।

मुलुक सञ्चालनको मूल आधार राजनीति रहेकाले स्वच्छ, निष्पक्ष, न्यायिक राज्य व्यवस्था कायम हुने गरी शासन प्रणालीमा सुधार ल्याउनु जरूरी देखिन्छ । राज्य व्यवस्थाको प्रमुख जिम्मेवारीमा रहने राजनैतिक नेतृत्वको दृढ इच्छाशक्ति महत्वपूर्ण मानिन्छ । तसर्थ, यस्तो परिस्थिति निर्माणको लागि जनस्तरबाट निष्ठावान् नेतृत्व आउनसक्ने अनुकूल वातावरण बनाउनु नै अहिलेको समस्याको ठोस समाधान हो ।

यसैगरी, राष्ट्रसेवालाई कलङ्कित पार्ने भ्रष्टाचारमा कमी ल्याउन आर्थिक स्वनिर्भरतामा जोड दिनुपर्ने र सोअनुरूपका आर्थिक संरचनाहरूको निर्माण एवं उत्पादन, आयवृद्धि, बजार विनिमय र उपभोगको तारतम्य मिलाउनु पर्ने देखिन्छ । राष्ट्रसेवकहरूले पाउने न्यून तलब सुविधाबाट बढ्दो पारिवारिक आवश्यकताहरू परिपूर्ति गर्न कठिन भैरहेको स्थितिले भ्रष्टाचारतर्फ प्रेरित गरिरहेको देखिंदा जीवनस्तर अनुरूपको तलब भत्ता र सुविधाको व्यवस्था गरी सदाचार, इमान्दारिता र सरल जीवन पद्धतिप्रति उत्प्रेरित गर्नुपर्ने देखिन्छ ।

कानुनको प्रभावकारी कार्यान्वयन गरी सबै प्रकारका दण्डहीनताको अन्त्य गर्नु नै राष्ट्रसेवालाई भ्रष्टाचारको एम्बुसबाट बचाउने अर्को सशक्त उपाय हो । राज्यका जिम्मेवार निकाय मन्त्रालय, विभाग, सङ्घ, प्रदेश, स्थानीय तहका कार्यालयहरूमा दायित्वबोध गराउनुको साथै कानुनको पालना गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, विशेष अदालत, राजश्व अनुसन्धान विभाग, संसदीय लेखा समितिलगायत राज्यका सक्षम निकायहरूले निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक समेतका विधिहरू प्रभावकारी बनाउनु बाञ्छनीय छ । राज्यका नियमन निकायहरूले वस्तुनिष्ट वैज्ञानिक सूचना प्रविधि, सघन अनुसन्धान पद्धति अपनाई भ्रष्टाचार कारवाहीको फितलो अनुसन्धान, कमजोर अभियोजन, प्रमाण कागजात र प्रविधिमा सुधार ल्याई अभियुक्तले सहजै सजायबाट उन्मुक्ति पाउने स्थितिको अन्त गरिनु पर्दछ ।

नेपाली समाजमा विद्यमान भ्रष्टाचारजन्य विकृति, विसङ्गति र विचलनबाट सङ्कटग्रस्त बन्दै गएको राष्ट्रसेवामा रूपान्तरण ल्याई जनतालाई स्वच्छ, निष्पक्ष र सुलभ सेवा दिनु वर्तमान परिस्थितिमा चुनौतीपूर्ण नै छ । तथापि, राष्ट्रसामु गरेको प्रतिज्ञा अनुरूप सेवा गर्ने दृढ इच्छाशक्ति भएमा राष्ट्रसेवाको आदर्श कायम राखी मुलुकमा सुशासन, न्याय र समृद्धि हासिल गर्न नसकिने कुनै कारण देखिन्न ।

# 'सङ्घ संस्था ऐन, २०८२' मस्यौदा पुनर्लेखन गर्नुपर्नेमा जोड

काठमाडौं, १८ भदौ (रासस)।
नागरिक स्वतन्त्रतामा सङ्कुचन गर्ने गरी 'सङ्घ संस्था ऐन, २०८२' को मस्यौदा आएकाले पुनर्लेखन गर्नुपर्नेमा जोड दिइएको छ। गैरसरकारी संस्था महासङ्घ नेपाल र नेपाल पत्रकार महासङ्घद्वारा बुधबार यहाँ आयोजित अन्तरक्रिया तथा छलफल कार्यक्रमका सहभागीले उक्त ऐनको मस्यौदामा भएका व्यवस्थाले नियमन कम र नियन्त्रण बढी गर्ने भएकाले पुनर्लेखन गर्नुपर्नेमा जोड दिइएको हो।

कार्यक्रममा प्रस्तावित सङ्घ संस्था ऐन, २०८२ को मस्यौदालाई संवैधानिक अधिकार र नागरिक स्वतन्त्रताअनुरुप सुधार नगरे लोकतान्त्रिक अभ्यास कमजोर हुनसक्ने भन्दै पत्रकार र गैरसरकारी संस्थाका प्रतिनिधिहरूले चासो व्यक्त गर्नुभयो।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले मस्यौदामा सुधारको आवश्यकता औँल्याउँदै विरोधलाई भन्दा बहसलाई प्रोत्साहन दिनुपर्ने राय व्यक्त गर्नुभयो। उहाँले संस्थाको लोकतान्त्रिकरण, पारदर्शिता, जवाफदेहिता र महासङ्घमा दर्ताका लागि छुट्टै बुँदा बनाउनुपर्नेमा जोड दिनुभयो।

"महासङ्घ अहिले पनि राष्ट्रिय निर्देशन ऐनअनुसार दर्ता भइरहेको छ। महासङ्घ छुट्टै प्रकृतिका हुनु, तसर्थ महासङ्घमा दर्ताका लागि छुट्टै बुँदा बनाएर कार्यान्वयन गर्नुपर्छ", अध्यक्ष शर्माले भन्नुभयो।

सार्वजनिक सेवा प्रसारण नेपालका अध्यक्ष डा महेन्द्र विष्टले विकासका सहयोगीका रूपमा रहेका गैरसरकारी संस्थाको भूमिकाबारे चर्चा गर्दै यसलाई सङ्कुचन गर्ने व्यवस्थामाथि छलफलमार्फत सुधार गर्नुपर्ने सुझाव दिनुपर्ने बताउनुभयो।

महासङ्घका पूर्वअध्यक्ष शिव गाँउलेले लोकतान्त्रिक नियमनबारे सचेत गराउँदै संस्थाको पारदर्शी प्रणालीको विकासमा बहस गर्नुपर्ने आवश्यकता औँल्याउनुचभयो। उहाँले यस मस्यौदामा पुनर्विचारका लागि समेत सुझाव दिनुभयो।

अन्तरराष्ट्रिय संस्थाको छाता सङ्गठन (एआइएन)का अध्यक्ष डा एसपी कलौनीले उक्त ऐनले नागरिकको स्वतन्त्रता र मौलिक अधिकारमा पार्ने असरलाई गम्भीर रूपमा मूल्याङ्कन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

गैरसरकारी संस्था महासङ्घ नेपालले सङ्गठन खोल्ने स्वतन्त्रतामा अनावश्यक हस्तक्षेप हुने भन्दै सरकार र सरोकार भएका निकायको ध्यानाकर्षण गराएको छ। कार्यक्रममा समाज कल्याण परिषद् खारेजपछि विभागमार्फत राखिएको व्यवस्थाले राज्य केन्द्रित नियन्त्रणको सम्भावनाबारे छलफल भएको थियो।

एनजिओ फेडेरेसन नेपालका अध्यक्ष अर्जुन भट्टराईले नयाँ मस्यौदा पनर्लेखन गरी नयाँ ल्याउनका लागि दबाब दिनुपर्ने धारणा राख्नुभयो। नेपाल बार एसोसिसनका उपाध्यक्ष अधिवक्ता अजय शङ्कर झाले यस मस्यौदाले नियमनलाई नियन्त्रण नगरी सहजीकरणको दृष्टिकोणले विकास गनुपर्नेमा जोड दिनुभयो।

"संविधानले प्रत्याभूत गरेको मौलिक हकलाई सम्मान गर्दै नियमनलाई सहजीकरणमुखी बनाउनुपर्ने देखिन्छ", उहाँले भन्नुभयो, "यसलाई संशोधन गरी नागरिकमैत्री, संविधानअनुकूल र सुशासन प्रवर्द्धन गर्ने खालको कानुन बनाउनु अपरिहार्य छ।"

सरकारले हाल प्रचलित संस्था दर्ता ऐन, २०३४, समाज कल्याण परिषद् ऐन, २०४९ र राष्ट्रिय निर्देशन ऐन, २०१८ लाई खारेज गर्दै एकीकृत रूपमा सङ्घ संस्था ऐन, २०८२ को मस्यौदा सार्वजनिक गरेको छ।

सङ्घीय संरचनासँग मिल्नेगरी संस्था दर्ता, नवीकरण, नियमन र व्यवस्थापनलाई एकरुपता दिने र सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले मस्यौदा तयार गरिएको छ। तीनवटा ऐनलाई खारेज गरी एकीकृत कानुन ल्याउने, संस्था दर्ता, नवीकरण, सञ्चालन, नियमन र अनुगमनसम्बन्धी व्यवस्था गरेको छ। यस्तै, सङ्घ, प्रदेश र स्थानीय तहबीच भूमिका र अधिकार बाँडफाँडको व्यवस्था गरेको छ।

समाज कल्याण परिषद् खारेज गरी समाज कल्याण विभागमार्फत नियमन गर्ने र कारबाही, दण्डका प्रावधान थप कडा गरिएको सहभागीको भनाइ थियो। विधेयक तयार गर्ने प्रक्रियामा नागरिक समाजको पर्याप्त सहभागिताका लागि समेत जोड दिइएको थियो।

छलफलका क्रममा मस्यौदाले संस्थाको दर्ता सहज र पारदर्शी बनाउनुपर्ने, अनावश्यक झन्झट हटाउनुपर्ने, दर्ता अधिकारीको तजबिज वा बुझाइको आधारमा दर्ता प्रक्रिया ओझेलमा पार्न सक्नेलगायत प्रावधान हटाउनुपर्नेमा सुझाव प्रस्तुत गरिएको थियो।

# किसानका समस्या समाधानमा सांसदको जोड

काठमाडौं, १८ भदौ (रासस)।
प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूले किसानका समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभएको छ। बैठकमा विभिन्न दलका सांसदहरूले समयमा भुक्तानी नपाउनु, मल नपाउने तथा अनुदान कटौती, उत्पादन भएका वस्तुले उचित बजार नपाउनुलगायत समस्याले किसानलाई निराशा बढाएको भन्दै समाधान गर्न सरकारलाई आग्रह गर्नुभएको हो।

सांसद रामप्रकाश चौधरीले सङ्घ तथा प्रदेशले मधेसलाई विपद् सङ्कटग्रस्त क्षेत्र र प्रदेश सरकारले सुख्खाग्रस्त क्षेत्र घोषणा गरे पनि जनताले केही पाउन नसकेका भन्दै आपत्ति जनाउनुभयो। "मधेसका जिल्लाहरूमा यस वर्ष पर्याप्त मात्रामा वर्षा हुन नसक्दा धान उत्पादनसमेत घट्ने देखिन्छ। किसानले ट्युबवेल प्रयोग गर्दा विद्युत् खपत बढेको छ। असार, साउन र भदौमा किसानले प्रयोग गरेको विद्युत्को बिल मिनाहा गरिदिनुपर्छ", उहाँले भन्नुभयो, "सगरमाथा वन परियोजनाका अवकाशप्राप्त कर्मचारीले उपदानको रकम पाउन सकेका छैनन्। तीन जनाको मृत्यु नै भइसकेको छ। तत्काल ती पीडितको रकम भुक्तानी गरिदिन माग गर्दछु।"

सांसद चौधरीले काठमाडौं महानगरपालिकाले कवाड व्यवसायीलाई अनावश्यक दुःख दिएपछि उनीहरू आन्दोलनरत रहेको भन्दै कुनै पनि व्यावसाय गर्नेलाई सम्मानपूर्वक काम गर्ने वातावरण बनाइदिनुपर्नेमा जोड दिनुभयो।

सांसद गङ्गाराम चौधरीले उखु उत्पादन गर्ने र दूध उत्पादन गर्ने किसानहरू पीडित रहेका बताउँदै आन्दोलनरत किसानका जायज माग पूरा गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। समयमा मल नपाउँदा किसानहरू पीडित भएका छन्। "किसानको धान खाद्य संस्थानबाट किनियोस्", उहाँले भन्नुभयो, "किसानलाई थप आन्दोलन गर्न बाध्य नबनाइयोस्।"

सांसद प्रेम सुवालले भारत सरकारले लिपुलेकबाट चीनमा व्यापार गरेमा नेपालले राजस्व उठाउनुपर्ने बताउनुभयो। "लिपुलेक नेपालकै हो भन्ने विभिन्न प्रमाण हामीसँग भएकाले नेपालले नै राजस्व उठाउनुपर्छ", उहाँले भन्नुभयो। भूमिगत पानीको प्रयोग बढ्दा उपत्यकाका जमिन भासिन सक्ने भन्दै समयमा नै यसलाई व्यवस्थापन गर्न आवश्यक रहेका उहाँले जोड दिनुभयो।

सांसद डा अमरेशकुमार सिंहले उखु किसानका समस्या समाधानमा सरकारले चासो नदिएको भन्दै आपत्ति जनाउनुभयो। "सरकारले न मल उपलब्ध गराएको छ, न अनुदान। किसानले उचित मूल्य पाउन सकेका छैनन्। आज दुग्ध र उखु किसान सडकमा छ न्", उहाँले भन्नुभयो, "किसानले उत्पादन गरेका वस्तुको उचित मूल्य निर्धारण गरी प्रोत्साहनको वातावरण बनाउनुपर्छ।"

सांसद शान्ति विकले वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको समस्या समाधान गर्नुपर्ने, अवैधानिक बाटोबाट भिजिट भिसामा जाने र दुःख पाउने गरेको भन्दै यस विषयमा गृहमन्त्रालय सचेत रहनुपर्नेमा जोड दिनुभयो। संसद् छोडेर बाहिरिनु संसदीय अभ्यास नभएको भन्दै सहमतिमा आउन प्रतिपक्ष दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसदलाई उहाँले आग्रह गर्नुभयो।

सांसद दमोदर पौडेल वैरागीले कृषि व्यापार, शिक्षा, प्राकृतिक विपद् व्यवस्थापनमा सहकार्य गर्ने, दुई देशबीच मैत्री सम्बन्ध बढाउने विषयमा नेपाल र चीनबीच भएको सहमतिले सकारात्मक सन्देश दिएको बताउनुभयो।

## *एक दशकपछी ...*

सहित सबै उत्पीडित जाती र समुदायहरु नमिलेसम्म अधिकार नपाउने मस्उल्लेख गरे। जनजागरण अभियानले पहिला मोर्चाकै नेता जाग्नुपर्ने उनको भनाई थियो।

कार्यक्रममा बोल्दै जनता प्रगतिशील पार्टी नेपालका अध्यक्ष हृदयेश त्रिपाठीले मोर्चा तोड्न कमजोर पार्न यसमा आवद्ध कुनै दलले बदमासी गर्छ भने दाना पानी बन्द गर्न अगाडी आउनु पर्ने बताए। राज्यसत्तालाई मधेश चाहिने तर मधेशी नचाहिने बताउँदै उनले भूमि विधेयक भूमिविहिन र सुकुम्बासीको लागि भन्दा पनि भुमाफियाको लागि ल्याएको उल्लेख गरे। उनले उक्त ऐनले तराई मधेशलाई मरुभूमि बनाउन ल्याइएको बताए।

कार्यक्रममा तमलोपाका अध्यक्ष वृषेश चन्द्र लालले अहिलेको गठबन्धन सरकारले कुशासन र भ्रष्टाचार बढाएको बताए। आन्दोलनकारी माथिको झुठा मुद्दा सरकारले फिर्ता लिनु पर्ने बताए।

नागरिक उन्मुक्ति पार्टीका केन्द्रीय कोषाध्यक्ष टीका लक्ष्मी चौधरीले नश्लीय शासनबाट देशले मुक्ति खोजेको जिकरि गर्दै यी सबै पार्टीले मिलेर संघर्ष गर्ने हो भने मात्रै अधिकार प्राप्त हुन सक्ने बताए।

कार्यक्रमको संचालन राष्ट्रिय मुक्ति पार्टी नेपालका सहमहासचिव गजेन्द्र मण्डलले गरेका थिए भने कार्यक्रमको अध्यक्षता रामुपा नेपालका सप्तरी अध्यक्ष दिपेन्द्र चौधरीले गरेका थिए।

# विश्व समाचार

## प्रधानमन्त्री मोदीद्वारा सेमिकन इन्डिया २०२५ को उद्घाटन, भारतको सेमिकन्डक्टर यात्रा सशक्त

नयाँदिल्ली, १८ भदौ (रासस/एएनआई)।
भारतको सेमिकन्डक्टर उद्योगको वृद्धिको महत्त्वपूर्ण मोडमा प्रधानमन्त्री नरेन्द्र मोदीले मङ्गलबार नयाँदिल्लीको यशोभूमि (भारत अन्तर्राष्ट्रिय सम्मेलन र एक्सपो सेन्टर) मा सेमिकन इन्डिया २०२५ को उद्घाटन गर्नुभएको छ। जापान र चीन भ्रमणबाट फर्किएपछि उहाँले भन्नुभयो, "त्यो दिन टाढा छैन जब विश्वले भन्नेछ–भारतमा डिजाइन, भारतमा निर्मित, विश्वद्वारा विश्वास गरिएको।" उहाँले सेमिकन्डक्टरलाई 'डिजिटल हीरा' भन्दै यसको महत्त्व उजागर गर्नुभयो।

देशको सबैभन्दा ठूलो सेमिकन्डक्टर र इलेक्ट्रोनिक्स शोमा २० हजारभन्दा बढी सहभागी, ४८ देशका प्रतिनिधि, ५० भन्दा बढी ग्लोबल सिएक्सओ र एक हजार दुई सय ७५ बुथहरू प्रस्तुत थिएक्स। प्रधानमन्त्री मोदीले उद्योगमा भारतको नवप्रवर्तन र युवा शक्ति स्पष्ट रूपमा उपस्थित रहेकोमा जोड दिनुभयो। केन्द्रीय मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, "सेप्टेम्बर २ मा प्रधानमन्त्रीलाई पहिलो मेड-इन-इन्डिया चिप प्रस्तुत गरियो। आगामी केही महिनामा थप पाइलट लाइनहरू पूरा हुने क्रममा छन्। विद्यार्थीहरूले डिजाइन गरेका २० वटा चिप पनि प्रदर्शन गरियो।"

एसइएमआइका अध्यक्ष अजित मनोचाले भन्नुभयो, "भारतीय सेमिकन्डक्टर उद्योगले प्रधानमन्त्रीको दृष्टिकोणअनुसार तीव्र वृद्धि अनुभव गरिरहेको छ। एआई र टेक्नोलोजीमा प्रगतिसँगै हामी विश्वव्यापी स्तरमा मान्यता प्राप्त गर्दैछौं।"

एसइएमआइ इन्डिया र आइइएसएका अध्यक्ष अशोक चन्दकले १२ वटा समझदारी पत्रमा हस्ताक्षर भएको घोषणा गर्दै भारतलाई सेमिकन्डक्टर डिजाइन, निर्माण र प्रविधि विकासको विश्वव्यापी केन्द्र बनाउन सरकारको प्रतिबद्धता स्पष्ट भए बताउनुभयो। सेमिकन इन्डिया २०२५ ले ४८ देशका प्रतिनिधिहरूसँग एक हजार दुई सय ७५ बुथ र २० हजारभन्दा बढी सहभागीलाई एकै स्थानमा ल्याइदिएको छ।

कार्यक्रमले उद्योगका नेताहरू, नवप्रवर्तक, नीति निर्माता, स्टार्टअप र शिक्षाविद्हरूलाई अर्धचालक क्षेत्रमा नवीनतम प्रवृत्ति, अवसर र चुनौतीहरूमा छलफल गर्न, विश्वव्यापी सहयोग प्रवर्द्धन गर्न र स्वदेशी नवप्रवर्तन समर्थन गर्न अवसर दिएको छ।

कार्यक्रममा एप्लाइड मटेरियल्स, एएसएमएल, आइबिएम, इन्फिनियन, केएलए, लाम रिसर्च, मर्क, माइक्रोन, पिएसएमसी, र्‍यापिडस, स्यान्डिस्क, सिमेन्स, एसके हाइनिक्स, टाटा इलेक्ट्रोनिक्स, टोकियो इलेक्ट्रोन लगायत विश्वका प्रमुख कम्पनीहरूले सहभागिता जनाएका थिए। प्रधानमन्त्री मोदीको उद्घाटनले भारतको सेमिकन्डक्टर उद्योगमा नवप्रवर्तन, विश्वसनीयता र विश्वसामु प्रतिस्पर्धी क्षमता सुदृढ गर्ने महत्त्वपूर्ण सन्देश पठाएको छ।

## गाजामा भएको इजरायली आक्रमणमा एक सयभन्दा बढीको मृत्यु

गाजा, १८ भदौ (रासस/क्युएनए)।
गाजामा बुधबार भएको इजरायली आक्रमणमा मृत्यु हुनेहरुको सङ्ख्या एक सय १२ पुगेको छ। तीमध्ये सहायताको खोजीमा रहेका २४ जनाको मृत्यु भएको प्यालेस्टिनी चिकित्सा स्रोतहरूले जनाएका छन्। अल शिफा अस्पतालमा ३६, शेख रादवान क्लिनिकमा पाँच जना, अल अहली अरब अस्पतालमा १३, अल अवदा अस्पतालमा १२, अल अक्सा शहीद अस्पतालमा छ र नासेर अस्पतालमा ४० जना मारिएका छन्। सन् २०२३ अक्टोबर ७ देखि इजरायली एकाइले गाजा पट्टीमा अभूतपूर्व आक्रमण जारी राखेको छ, जसमा हत्या, भोकमरी, विनाश र जबरजस्ती विस्थापन समावेश छन्। यस आक्रमण रोक्न अन्तर्राष्ट्रिय अदालत र विश्व समुदायका सबै आह्वान र आदेशहरूलाई बेवास्ता गरिएको छ। पट्टीमा यस आक्रमणको परिणामस्वरूप अहिलेसम्म ६३ हजार छ सय ३३ शहीद र एक लाख ६० हजार नौ सय १४ घाइते भएका छन्। तीमध्ये अधिकांश बालबालिका र महिला छन्। त्यस्तै नौ हजारभन्दा बढी व्यक्ति बेपत्ता छन् र सयौँ हजार विस्थापित भएका छन्।

## रूसी ड्रोन आक्रमणले युक्रेनमा हजारौँ घरमा बिजुली कटौती

किएभ, १८ भदौ (रासस/एएफपी)।
रूसी सेनाले युक्रेनमा ५० हजारभन्दा बढी ड्रोन र मिसाइल प्रहार गरेपछि मुख्यतया देशको पश्चिमी भागमा विद्युत् आपूर्ति ठप्प भएको युक्रेनी अधिकारीहरूले बुधबार जानकारी दिएका छन्। किएभमा एएफपीका पत्रकारहरूले आक्रमणको क्रममा राजधानी र हवाई रक्षा प्रणालीमाथि विस्फोट सुनेका थिए। यो आक्रमण भ्लादिमिर पुटिनको चीन भ्रमणको समयमा भएको थियो। युक्रेनी अधिकारीका अनुसार बेलायतका रक्षामन्त्री जोन हेली सुरक्षा सहयोगबारे वार्ताका लागि युक्रेन आइपुगेको समयमा पनि आक्रमण जारी रह्यो।

उत्तरी चेर्निगिभ क्षेत्रका प्रमुख भाचेस्लाभ चौसले भन्नुभयो, "नागरिक पूर्वाधारमा ड्रोन आक्रमणपछि ३० हजार मानिस बिजुलीविहीन भएका छन्।" युक्रेनको वायु सेनाले मस्कोले पाँच सय दुई ड्रोन र २४ मिसाइल प्रहार गरेको जनाएको छ। देशको पश्चिममा क्षेत्रीय अधिकारीहरूले धेरै मानिस घाइते भएको र आवासीय घर तथा नागरिक पूर्वाधार क्षतिग्रस्त भएको जानकारी दिएका छन्।

"१४ स्थानमा तीनवटा मिसाइल र ६९ वटा स्ट्राइक ड्रोन प्रहार गरियो र खसालिएका प्रोजेक्टाइलको भग्नावशेष १४ स्थानमा खस्यो", वायुसेनाले भनेको छ। किरोभोग्राड क्षेत्रका अधिकारीहरूले आक्रमणमा चार जना रेलवे कर्मचारी घाइते भएको र दर्जनौं आवासीय भवन क्षतिग्रस्त भएको बताए। रुसले सन् २०२२ फेब्रुअरीमा युक्रेनमाथि आफ्नो पूर्ण आक्रमण सुरु गरेदेखि देशमा लगातार रात्रिकालीन ड्रोन र मिसाइल आक्रमण जारी राखेको छ, जसले दोस्रो विश्वयुद्धपछि युरोपमा सबैभन्दा घातक द्वन्द्व निम्त्याएको छ।

# विषादी सेवन गरेकी भारतीय युवती र करेन्ट लागेका बृद्धाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १८ भदौ ।**

छुट्टाछुट्टै दुई घटनामा परि सप्तरीमा एक युवती र अर्का बृद्धको मृत्यु भएको छ ।

विषादी सेवनबाट सिकिस्त भएकी एक भारतीय युवतीको उपचारका क्रममा राजविराजस्थित अस्पतालमा मृत्यु भएको छ ।

भारतको बिहार राज्य अन्तरगत सुपौल जिल्लाको कुनौली ग्राम पञ्चायत वडा नं. १ बस्ने अब्दुल कलिमकी २३ वर्षिया छोरी नगमा खातुनको उपचारका क्रममा राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार खातुनले आफ्नै घरमा नाम नखुलेको विषादी सेवन गरि बिरामी भएकी हुँदा मंगलबार मध्यराती उनका बुबाले गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारका लागि भर्ना गरेका थिए । उपचारकै क्रममा मध्यराती नै खातुनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

राजविराजदेखी झण्डै १० किलोमिटरको दुरीमा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकासँगै टासिएको सुपौलको कुनौली बजार पर्दछ । राजविराज नजिक पर्ने हुनाले त्यहाका नागरिकहरु स्वास्थ्य सेवाका लागि राजविराज आउने गर्दछन् ।

यसैगरि सप्तरीको खडक नगरपालिकामा करेन्ट लागेर एक बृद्धको मृत्यु भएको छ । खेतमा पानी लगाउन मोटर चलाउने क्रममा वडा नं. ८ ढोलबाजा बस्ने ६५ वर्षिय हरीलाल चौधरीलाई करेन्ट लागेको थियो ।

करेन्ट लागेर घाईते भएका उनलाई राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचारका लागि लगिएकोमा चिकित्सकले इसिजि गर्दा मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

# नेपाली भाषामै इम्बोस्ड नम्बर प्लेट राख्ने व्यवस्था गर्न आयोगको आग्रह

काठमाडौं, १८ भदौ (रासस) ।

भाषा आयोगले सवारी साधनमा जडान हुने विद्युतीय सङ्केत (इम्बोस्ड नम्बर प्लेट) नेपाली भाषामा नै हुनुपर्नेमा जोड दिएको छ । सरकारी कामकाजको भाषा नेपाली भाषा नै हुने व्यवस्था नेपालको संविधानको धारा ७ को उपधारा १ मा रहेको स्पष्ट पार्दै आयोगले सवारी साधनको नम्बर प्लेट अंग्रेजी भाषामा हुने व्यवस्थाप्रति आपत्ति जनाएको छ ।

संविधानले नचिनेको भाषा र लिपीमा नभई नेपाली भाषामा नै इम्बोस्ड नम्बर प्लेट राख्नुपर्ने संवैधानिक व्यवस्था र सर्वोच्च अदालतको फैसलाको समेत आयोगले जानकारी गराएको छ ।

सर्वोच्च अदालतले २०८१ असार ९ मा गरेको नेपाली भाषाको वर्णविन्याससम्बन्धी फैसलामा नेपालको संविधानको धारा ७ को उपधारा ३ ले भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरे बमोजिम हुनेछ भनी स्पष्ट गरेको पाइन्छ भन्ने प्रावधान बमोजिम सबै तहका सरकारलाई सोही बमोजिम गर्न गराउन स्पष्ट व्याख्या भएको छ ।

भाषा आयोगले आफ्नो संवैधानिक दायित्व समेत बोध गर्दै देवनागरी लिपीमा विद्युतीय सङ्केत सङ्ख्या राख्न आयोगको यही भदौ १ को निर्णयानुसार नेपाल सरकारको पुनः ध्यानाकर्षण गराइएको आयोगका अध्यक्ष डा गोपाल ठाकुरले जानकारी दिनुभयो ।

# नेपाल नागरिकता विधेयकमा आमाको पनि बंश कायम गरिएको छ : गृहमन्त्री लेखक

काठमाडौं, १८ भदौ (रासस) ।

गृहमन्त्री रमेश लेखकले नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयकले आमाको पनि बंश कायम हुने बताउनुभएको छ ।

बुधबार प्रतिनिधिसभा बैठकमा प्रस्तुत भएको नागरिकता विधेयकका सम्बन्धमा गृहमन्त्री लेखकले आमाको नामबाट नागरिकता पाउने स्थितिलाई सुनिश्चित गरेको बताउनुभयो । "हामीले यो ऐतिहासिक प्रस्थान गरेका छौं । आमाबाट पनि बंश कायम हुन्छ । आमाकै नागरिकताका आधारमा सन्तानले नागरिकता प्राप्त गर्छ भन्ने कुरालाई विधेयकमा सुनिश्चित गरिएको छ । बाबुको पहिचान नभएको अवस्थामा आमाकै नामबाट नागरिकता दिन सकिने विधेयकको आधारभूत तत्व हो", उहाँले भन्नुभयो ।

विधेयकमा १६ वर्ष उमेर पूरा नभएको र बाबु वा आमामध्ये कुनै एकजना नेपाली नागरिक रहेको नाबालकलाई वैदेशिक यात्रामा सहजीकरण गर्न नाबालक परिचयपत्र प्राप्त गर्नसक्ने व्यवस्था गरिएको छ ।

उहाँले भन्नुभयो, "संविधानको भावनाबमोजिम कुनै पनि नेपाली नागरिक नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित हुने छैन । साथै नेपाली नागरिक आमाबाट जन्म भएका सन्तानले आमाको नामबाट नागरिकता प्राप्त गर्नेगरी संवैधानिक व्यवस्थाको पूर्ण रुपमा कार्यान्वयन हुनेछ भने आमा वा बाबुले जन्मका आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानहरुले अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।"

विद्यमान सामाजिक परिवेशअनुसार पहिचानविहीन भएर बस्नुपरेको वैदेशिक रोजगारमा गएका नेपाली महिलाका सन्तान नागरिकताविहीन भइरहेको अवस्थामा अङ्गीकृत नागरिकता प्राप्त गर्नसक्ने उहाँको भनाइ छ ।

# संरक्षणका अभावमा हुलाकी सडक किनारका बिरुवा ओइलाए

सिरहा, १८ भदौ (रासस) ।

हुलाकी सडकअन्तर्गत सिराहाको औरही, बरियारपट्टि, तथा नवराजपुर गाउँपालिका क्षेत्रका सडक किनारमा वृक्षरोपणका लागि खर्च गरिएको लाखौं रुपैयाँ बराबरको लगानी संरक्षणको अभावमा खेर गएको छ ।

डिभिजन वन कार्यालय लहानले पछिल्ला दुई आर्थिक वर्षमा करिब रु ५१ लाख खर्च गरेर रोपेका अधिकांश बिरुवा सुकिसकेका छन्भने बाँचेका बिरुवा पनि ओइलाउने अवस्थामा पुगेका छन् । आर्थिक वर्ष २०८१/८२ मा बरियारपट्टि गाउँपालिका क्षेत्रमा रु ३९ लाख खर्चेर चार हजार ६५० बिरुवा रोपिएको थियो । जसमध्ये रु २५ लाख बजेटमा बेर्नासहित रु १४ लाखमा आँप, गुलमोहर, जामुनसहितका बिरुवा रोपिएको भए पनि आधाभन्दा बढी सुकिसकेको डिभिजन वन कार्यालयको प्रारम्भिक अध्ययनमा देखिएको छ ।

त्यस्तै, आव २०८०/८१ मा औरही गाउँपालिका क्षेत्रको साढे छ किलोमिटर सडक किनारमा रु १२ लाख ५० हजार खर्चिएर गरिएको वृक्षरोपणमा समेत ठूलो सङ्ख्यामा बिरुवा सुक्न पुगेका छन् । कतिपय स्थानमा घारी र झाँडीले जेलेको अवस्था छ ।

औरही गाउँपालिका-४ का वडाध्यक्ष सुरेन्द्रप्रसाद यादवले गणेशपुर चोक क्षेत्रमा रोपिएका करिब ५०० बिरुवामध्ये जम्मा ८०/९० वटा बिरुवा मात्र बाँचेको बताउनुभयो । उहाँले भन्नुभयो, "वनले वृक्षरोपण त गर्छ, तर संरक्षणका लागि बजेट र कार्यक्रम नै राख्दैन लाखौं खर्चिएर बिरुवा रोप्ने मात्रै काम भइरहेको छ ।"

सहजा जरुवा खोलाको किनारमा टाँगिएको होर्डिङ बोर्डमा वृक्षरोपण विवरण त उल्लेख छ, तर वरपर बिरुवाको नाम निसान छैन । स्थानीय बासिन्दा चन्द्रदेव यादवले चिन्ता व्यक्त गर्दै भन्नुभयो, "वनको कागजमा बिरुवा देखिन्छ, तर जमिनमा हुँदैन । बिरुवा रोपिसकेपछि त्यसको संरक्षण पनि उत्तिकै जरुरी हुन्छ, तर त्यसमा ध्यान दिइएको पाइएन ।"

अर्का स्थानीय सुनील यादवले वृक्षरोपण सफल बनाउन जनचेतनाको आवश्यकता औँल्याउनुभयो । उहाँले बिरुवा हुर्किएर रुख भएपछि स्थानीयले नै लाभ उठाउँछन् भन्ने कुरा स्थानीयलाई बुझाउनुपर्नेमा जोड दिनुभयो ।

डिभिजन वन कार्यालयका सूचना अधिकारी राधेश्याम चौधरीले भने स्थानीयको असहयोगका कारण बिरुवा संरक्षणमा समस्या आएको बताउनुभयो । उहाँले भन्नुभयो, "बिरुवा उखेल्ने, ट्रिगार्ड चोर्ने, पानी हाल्न नदिनेजस्ता व्यवहारले धेरै बिरुवा नष्ट भएका छन् ।" उहाँका अनुसार बलौटे माटो, पानीको अभाव, गाईबस्तुको चरिचरण र मानिसको आवतजावतका कारण सडक किनारमा बिरुवा हुर्काउन थप चुनौती रहेको छ ।

उहाँलेभन्नुभयो, "अबदेखि रोपेपछि सम्बन्धित वडा कार्यालयसँग समन्वय गरेर हेरचाहको लागि छुट्टै बजेट विनियोजन गरिन्छ ।"

# महोत्तरीमा हालसम्म पनि रोपाइँ हुँदै

जलेश्वर, १८ भदौ (रासस) ।

समयमा पानी नपरेर ढिलो गरी धान रोप्न सुरु गरेका जिल्लाका किसानहरू हालसम्म पनि रोपाइँमा व्यस्त छन् । बुधबार पनि जिल्ला सदरमुकाम जलेश्वर नगरपालिका-८ का किसान रोपाइँमा व्यस्त देखिन्छन् । रामआश्रे मण्डल, किताब कवारी, मनोज ठाकुर र असर्फी साहले करिब ३६ जना रोपाहार (धानरोप्ने) लगाएर रोपाइँ गराइरहेका छन् ।

समयमा पानी नपरेकाले यस वर्ष यहाँ ढिलो गरी धान रोपाइँ सुरु भएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । केन्द्रका अनुसार हालसम्म करिब ७६ प्रतिशत जग्गामा रोपाइँ सम्पन्न भएको हो ।

पानी नपरेर बीउ डढ्ने, सिँचाइ समस्याका बीचमा गत साउन १५ गतेपछि पानी पर्न सुरु गरेपछि किसानले रोपाइँ सुरु गरेकामा हालसम्म करिब ७६ प्रतिशत सम्पन्न भइसकेको केन्द्रका प्रमुख देवानन्द रायले जानकारी दिनुभयो । उहाँले यो वर्ष यहाँका अधिकांश किसानले बासमति धान लगाएका छन् । बासमति धानको बोट कम सिँचाइमा पनि सप्रिने र उत्पादन दिने भएकाले किसानको रोजाइमा परेको उहाँले बताउनुभयो ।

दश नगरपालिका र पाँच गाउँपालिका रहेको महोत्तरीमा कुल ७१ हजार ५७० हेक्टर खेतीयोग्य जग्गा रहेकामा ६४ हजार ९७७ हेक्टरमा खेती हुँदै आएको केन्द्रका प्रमुख रायले जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म पनि रोपाइँ भइरहेकाले यसवर्ष करिब ४० हजार हेक्टरमायसवर्ष धानखेती हुने अनुमान गरिएको छ ।

प्रमुख रायका अनुसार जिल्लाको उत्तरी पश्चिमी क्षेत्रका किसानले मोटर, डिजेल पम्प, नदीनाला, इनार, कुँवा र स्यालो ट्युवबेलको सहयोगमा केही मात्रामा धान रोपे पनि जिल्लाभरि गत साउन १५ गतेपछि मात्रै सबै क्षेत्रमा रोपाइँ सुरु भएको थियो ।

गत वर्ष समयमा पानी परेकाले जिल्लाको कूल ४२ हजार ५०० हेक्टर जग्गामा धानखेती गरिएको थियो । गत वर्ष एक लाख ५० हजार ८०० मेट्रिक टन धान उत्पादन भएको केन्द्रले जनाएको छ । यस वर्ष भने सिँचाइ अभावका कारण उत्पादनमा केही कमी आउने अनुमान गरिएको केन्द्रका प्रमुख रायले बताउनुभयो ।






**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*